१.. वहुस्तरीय शासनको परिचय दिदै नेपालमा अनौपचारिक शासनका प्रभावहरु उल्लेख गर्नुहोस । (३+७=१०)

२. नागरिक समाज भन्नाले के बुझ्नु हुन्छ ? शासन संचालनमा नागरिक समाजको भूमिका उल्लेख गर्नु होस् ।

(५+५=१०)

३.व्यवसायिक शासन र.सहकारीतामुलक शासन भन्नाले के बुझ्नु हुन्छ ? नेपालको शासन कत्तिको व्यवसायिक र सहकारितामुलक छ प्रष्ट गर्नुहोस । (५+५=१०)

४. नेपालमा स्थानीय शासनको अवस्थावारे जानकारी प्रष्ट गर्नुहोस । १०

५. संयुक्त राष्ट्र संघले विश्वको शासन व्यवस्थामा के कसरी भूमिका निर्वाह गरिरहेको छ चर्चा गर्नुहोस् । - १०

## १. वहुस्तरीय शासनको परिचय दिदै नेपालमा अनौपचारिक शासनका प्रभावहरु उल्लेख गर्नुहोस । (३+७=१०)

शासन व्यवस्थामा वहुपात्रीय (Multi-sectoral) उपस्थिती, भूमिका, दवाव वा प्रभाव रहने अवस्था नै वहुस्तरीय शासन हो ।

वहुस्तरीय शासनको अवधारणा १९८० को दशकबाट विकास भएको देखिन्छ । वेलायतमा १९७९ मा मार्गरेट थ्याचर प्रधानमन्त्री भएपछि समग्र सरकारी व्यवस्थापनमा सुधारको क्रम शुरु भयो । सरकारको भूमिका कटौती गर्ने, सरकार Facilitater को रुपमा मात्र रहने भयो । Non-core function हरु निजी क्षेत्रलाई दिन थालियो Contracting out वा Out sourcing को माध्यमबाट । यसले निजी क्षेत्रको भूमिका बढायो ।

वहुस्तरीय शासन ( Multi-Level Governance ) शव्दको प्रयोग गर्दै अवधारणाको विकास भने Liesbet Hooghe / Gary Marks ले सन १९९१ मा गरेका हुन । युरोपेली युनियन भित्र धार्मिक एवं सामाजिक संस्थाहरुले शासनमा पारिरहेको प्रभावको विश्लेषण उनीहरुको पुस्तकमा गरियो ।

यतिखेर Collaborative Governance System को अवधारणा रहेको छ । वहुपात्रहरुवीचको सहकार्य शासनमा देखिन थाल्यो । क्षेत्रीय तथा अन्तराष्टिय संस्था र संगठनहरुको प्रभाव पनि शासनमा रहन थालेको छ । यसरी वहुस्तरीय शासनको अवधारणा विकास भयो ।

### . अनौपचारिक शासन

शासन संचालनको उद्देश्य नराख्ने तर शासन व्यवस्थामा अप्रत्यक्ष प्रभाव एवम् दबाब कायम गर्ने प्रवृत्ति नै अनौपचारिक शासन (Informal Governance) हो ।

**अनौपचारिक शासनका पात्र र प्रभाव**

- **संयुक्त राष्ट्रसंघीय संस्थाहरु (UN Agencies)**
  संयुक्त राष्ट्रसंघीय संस्थाहरु World Bank, IMF, IFC, WHO, UNDP, UNICEF लगायतले पनि अप्रत्यक्ष रुपमा शासन गर्दछन् । सन् २००३ मा World Bank ले PRSP लागु गर्न Developing Country हरुलाई निर्देशित गऱ्यो । हामीले PRSP को रुपमा दशौं योजना कार्यान्वयन गऱ्यो । ध्ज्इ ले Health Sector मा के सुधार वा लागु गर्ने भनी Agenda ल्याउछ त्यसलाई हामी अबलम्बन गर्दछौ ।

UNDP जस्ता संस्थाले सरकारी, सामाजिक र कहिले काही राजनीतिक Channel मार्फत कुनै विषयमा Lobbing गर्दछ जस्तो समावेशीकरण ।

- **विदेशी दातृ संस्थाहरु :**
  USAID, DFID, Norwaysian Fund, SDF लगायतले पनि अप्रत्यक्ष रुपमा शासनमा भूमिका निर्वाह गर्न खोज्छन् । विभिन्न समुदायलाई बजेट नै उपलव्ध गराएर अनुकूलको संघीयताको पक्षमा जनमत निर्माण गर्ने कार्य समेत यस्ता संस्थाले गरेका छन् । सरकारी बजेट, कार्यक्रम, आयोजना छनौट र कार्यान्वयनमा समेत यिनीहरुको प्रभाव रहन्छ ।
- **अन्तर्राष्ट्रिय संस्थाहरु :**
  Amnesty International, Transparency International, ICRC, IOM जस्ता संस्थाले समेत शासनमा प्रभाव पार्दछन् । मानव अधिकारको संरक्षणका लागि सरकारलाई दबाब एवम् सुझाव दिने, मानव अधिकारवादी संस्थालाई सहयोग गर्ने कार्य Amnesty ले गर्दछ । TI ले भ्रष्टाचार घटाउनका लागि दिएका सुझावहरुको अन्तर्राष्ट्रिय Value हुन्छ सरकारले तीनलाई पालना गर्नु पर्दछ ।
- **अन्तर्राष्ट्रिय कुटनीतिक संस्था :**
  विदेशी कुटनीतिक संस्थाले पनि आफ्नो राष्ट्रको रुची एवम् चाहना अनुरुप विकासोन्मुख राष्ट्रका सरकारहरुलाई प्रभाव पार्दछ । नेपालमा संविधान निर्माण, निर्वाचन, सरकार परिवर्तनसम्ममा पनि कुटनीतिक चाहना, रुची बाहिरै देखिने गरी आएका पनि छन् । यसले शासन पद्धति नै प्रभावित हुन्छ ।

  - **सामाजिक संजाल**

  समाजिक संजाल अव अनौपचारिक शासन गर्ने माध्यम वनेको छ । यसले शासन पद्धतिमा दवाव र प्रभाव कायम गर्न सफल भएको छ ।

  - **धर्मिक तथा जातीय समुदाय**
    धर्मिक तथा जातीय समुदायले आफ्नो समुदायका क्रियाकलाप स्वतन्त्र रुपले संचालन गर्दछन र कतिपय अवस्थामा देशको शासनमा समेत प्रभाव पार्दछन ।

उल्लेखित मूलपात्र (Main Actors) हुन अनौपचारिक शासनका । यस बोहक Regional संस्थाहरु जस्तो SAARC मा भएका प्रतिवद्धता, अन्तराष्ट्रिय स्तरमा व्यक्त प्रतिवद्धताहरुले समेत अनौपचारिक रुपमा शासन व्यवस्था प्रभावित हुने गर्दछ ।

**२.. नागरिक समाज भन्नाले के बुझ्नु हुन्छ ? शासन संचालनमा नागरिक समाजको भूमिका उल्लेख गर्नुहोस ।** (३+७=१०)

**नागरिक समाज :**

नागरिकहरुको हित प्रवर्द्धनका लागि नागरिक अगुवा एवम् बुद्धिजीविहरुको अभियान नै नागरिक समाज हो । विभिन्न पेशागत, व्यवसायिक दबाब समूह, सामुदायिक संस्थाहरु पनि नागरिक समाज भित्र रहन सक्छन् जुन बेला नागरिक सरोकारका मामलालाई उनिहरुले आत्मसाथ गर्दछन् र अभियानमा सरिक हुन्छन् । यो सामुहिक नेतृत्व प्रणालीमा संचालन हुन्छ र Non hierarchical पनि । यो लचिलो संगठन हो र Non beaureaucratic nature रहन्छ ।

नागरिक समाज भित्र औपचारिक संस्थाहरु आवद्ध हुन सक्छन् । यो मामलामा आधारित (Issue Base) हुन्छ । कहिले मंहगी विरुद्ध आवाज उठाउछ कहिले मानव अधिकार, कहिले लोकतन्त्र त कहिले विकास र वातावरण संरक्षणका लागि सरकारलाई दबाब दिने, सुझाव दिने र अभियानमा सहभागी हुन्छ नागरिक समाज । स्व व्यवस्थापनमा आधारित हुन्छ नागरिक समाज ।

**शासन संचालनमा नागरिक समाजको भूमिका :**

नागरिक समाजले शासन व्यवस्थामा दबाब दिने, प्रभाव पार्ने र सहभागी हुने भूमिका निर्वाह गर्दछ । यसले खेल्ने भूमिकालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

- सरकारले तर्जुमा गर्ने नीति, योजना कार्यक्रममा सहभागी हुने, राय सुझाव दिने कार्य नागरिक समाजले गर्दछ ।
- विकास निर्माणका कार्यमा नागरिकहरुलाई सहभागी गराउने प्रोत्साहित गर्ने कार्यको माध्यमबाट शासनमा सहभागिता जनाउछ ।
- सरकारका गलत क्रियाकलाप विरुद्ध आवाज उठाउछ, दबाब दिन्छ ।
- मानवीय हित, प्रकोप प्रभावितहरु, जोखिममा परेकाहरुलाई राहत सहयोगका लागि अपील गर्छ, नागरिकलाई नै परिचालन गर्दछ ।
- व्यवसायकि क्षेत्रका गलत क्रियाकलाप जस्तो अनुचित महंगी, मिसावट, ठगी र नागरिक हक विरुद्धका कार्यको विरोध गर्दछ, दबाब सिर्जना गर्दछ ।
- सामाजिक विकृति विसंगती जस्तो दाइजो प्रथा, कम्लरी प्रथा, झुमा प्रथा, बोक्सी प्रथा रोक्नका लागि सामाजिक जनमत सिर्जना गर्छ, दबाब दिन्छ ।
- नागरिक शिक्षाको प्रवर्द्धन गरि सामाजिक सचेतना अभिवृद्धिमा भूमिका खेल्दछ ।

नेपालको नागरिक समाजले लोकतान्त्रिक पद्धतिको स्थापना, विधिको शासन, मानव अधिकार प्रवर्द्धनमा सकारात्मक भूमिका निर्वाह गरेको छ । यद्यपी केही कमी-कमजोरी पनि छन्

यस्ता कमी कमजोरी :सुधार गर्दै नेपाली नागरिकहरुको प्रतिनिधित्व गर्ने र राज्यको शासन पद्धतिमा सहयोग गर्न सक्ने सबल र नैतिकवान नागरिक समाज यतिखेरको आवश्यकता हो

## . नेपालमा स्थानीय शासनको अवस्थावारे जानकारी प्रष्ट गर्नुहोस ।

**विषय प्रवेश**

शासन व्यवस्थाको तल्लो तह (Buttom level) स्थानीय तह हुन । लोकतान्त्रिक प्रणालीको जग (Foundation of democracy) का रूपमा पनि यी तह रहेका हुन्छन् । जनताको सर्वाधिक नजिक भएका कारण स्थानीय तहबाट सम्पादन हुने कार्यहरूको प्रत्यक्ष सम्बन्ध रहन्छ नागरिकहरूसँग । नागरिकहरूले आफ्नो लागि आफैं शासन गर्ने लोकतान्त्रिक कार्यको प्रारम्भ पनि स्थानीय तहबाट नै हुन्छ ।

स्थानीय स्तरबाट हुने नागरिक सम्बन्ध, नागरिक तथा सामाजिक परिचालन, सेवा प्रवाह र विकासको समग्र रूप नै स्थानीय शासन (Local governance) हो ।

स्थानीय तहका जनप्रतिनिधिको छनौट, नेतृत्व छनौट र नेतृत्व विकास सेवा र विकासका कार्यमा नागरिक सहभागिता, सरोकार स्थापित गर्ने समग्र प्रणालीको नाम हो स्थानीय शासन (Local governance)

### नेपालमा स्थानीय शासनको हालको अवस्था

- संघीय ढांचा अनुरुप जनताको नजीक रहने स्थानीय तहको शासन
- स्वायत्त स्थानीय तहवाट शासन संचालन
- स्थानीय तहवाट राजनीतिक,आर्थिक, प्रशासनिक र न्यायिक अधिकारको प्रयोग
- जनसहभागितामुलक विकास व्यवस्था र विकासको स्थानीयकरण
- स्थानीय श्रोत परिचालन र दिगो विकास
- स्थानीय नेतृत्व विकास
- लोकतन्त्रको अभ्यास तल्लो तह देखि नै
- यद्यपी कमजोर संस्थागत क्षमता
- सुशासन स्थापनाको चुनौति कायमै

५. **संयुक्त राष्ट्र संघले विश्वको शासन व्यवस्थामा के कसरी भूमिका निर्वाह गरिरहेको छ चर्चा गर्नुहोस् ।** - १०

**संयुक्त राष्ट्र संघ विश्वव्यापी सरकार** : संयुक्त राष्ट्र संघ विश्वव्यापी सरकार (Global Government) हो । संयुक्त राष्ट्र संघका सिद्धान्त एवं मार्गदर्शनहरुलाई पालना गर्नु प्रत्येक देशको कर्तव्यका रुपमा रहन्छ । यसले देश-देशवीचको सम्बन्धलाई मजबूत बनाउने, आपसी सहयोग र सहिष्णुतामा जोड दिन्छ ।

**विश्व शन्ति नै प्राथमिकता** : संयुक्त राष्ट्र संघले विश्व शान्ति (Global Peace) को लागि काम गर्दछ । शान्ति भंग हुने कार्य गर्ने देशका विरुद्ध वा समूह विरुद्ध UN ले कडा कदम चाल्दछ । विश्वमा हुने दुई देश वीचका युद्ध वा झगडा/विवाद अर्थात देश भित्र हुने गृह युद्ध नियन्त्रण गर्न यसले चासो दिन्छ ।

विश्व शान्ति कायम गर्न विभिन्न संझौता, सन्धी र छलफल गराउछ UN ले । युद्धरत अवस्थामा युद्ध समाप्ती गर्न र दिगो शान्ति (Sustainable peace) हासिल गर्न विभिन्न उपाय अवलम्वन गर्छ । Peace making, peace keeping / peace building का चरणहरुलाई पनि अवलम्वन गर्दछ संयुक्त राष्ट्र संघले ।

साना र कमजोर राष्ट्रहरुको अस्तित्वको संरक्षण गर्दछ । यस अन्तरगत रहने सुरक्षा परिषदले विश्वभरको शान्ति र सुरक्षाको अवस्था वारे अनुगमन गर्दछ र आवश्यक कदम चाल्ने निर्णय पनि गर्दछ । यसरी विश्व शान्ति र सुरक्षालाई महत्व दिंदै काम गर्छ UN ले र विश्वको शासन व्यवस्थामा प्रभाव पारिरहेको हुन्छ ।

**विश्वको आर्थिक विकास**

संयुक्त राष्ट्र संघले विश्वको आर्थिक विकासमा जोड दिन्छ । अति कम विकसित राष्ट्रहरु (Least development countries) को विकासमा अझ ध्यान दिन्छ । UN अन्तरगत रहने World Bank, IMF, IFC, IDA हरुले विकासोन्मुख राष्ट्रहरुमा बढी सरोकार राख्दै आर्थिक बृद्धि, समानता, मौद्रिक सन्तुलन, लगानी प्रवर्द्धनमा जोड दिन्छन र सहयोग गर्दछ ।

विकासोन्मुख राष्ट्रलाई विकसित देशले आर्थिक सहयोग गर्नुपर्ने कुरामा UN ले जोड दिन्छ । भूपरिवेष्ठित र कमजोर अर्थतन्त्र भएका (LLDC's)हरुको हितमा UN ले काम गर्दछ ।

**सामाजिक विकास**

विश्वमा शिक्षा, स्वास्थ्य, जस्ता क्षेत्रमा सबैको पहूंच स्थापना गर्न UN ले सहयोग गर्दछ । Millenium development goals (MDG's) को माध्यमबाट यसले

विकासोन्मुख देशहरुमा शैक्षिक समानता र पहूंच अभिवृद्धि, स्वास्थ्य अवस्थामा सुधार र गरीवी नियान्त्रणमा सघाउ पुऱ्यायो ।

**मानव अधिकार संरक्षण**

संयुक्त राष्ट्र संघले मानव अधिकारलाई अधिक महत्व दिन्छ । UN अन्तरगत भएका मानव अधिकार सम्बन्धी सम्झौता कार्यान्वयनमा जोड दिन्छ र मानव अधिकार प्रवर्द्धन गर्न देशहरुलाई घच्घच्याउछ ।

**समसामयिक विषयहरु** :- संसारमा वातावरण संरक्षण मौसम परिवर्तन, Migration जस्ता Agenda हरुमा UN ले ध्यान केन्द्रित गर्दछ र समस्या समाधानका उपायको खोज गर्छ ।

यसरी UN ले संसारभरको शासन पद्धतिमा भूमिका निर्वाह गर्ने गर्दछ ।

**६.सहकारीतामूलक शासन भन्नाले के बुझ्नु हुन्छ ? स्पष्ट पार्दै सहकारीतामूलक शासनको भुमिका प्रष्ट गर्नुहोस ।** (३+७=१०)

सहकारीतामूलक शासन भन्नाले सहकारी क्षेत्रले शासन पद्धतिमा खेलने भूमिका, प्रभाव एवम् सहभागितालाई बुझिन्छ । सहकारीहरु समुदायमा आधारित (Community Based) हुन्छन् र सदस्यतामा आधारित (Membership Based) हुन्छन् । यीनै सहकारीलाई शासन व्यवस्था संचालनमा सहयोगीका रुपमा अवलम्बन गर्नु का साथै शासन पद्धतिमा सहकारीको मर्म र भावनालाइ आत्मसाल गर्नु नै सहकारीतामूलक शासन हो ।

सहकारीले तल्लो/स्थानीय तहमा छरिएको पूँजीलाई परिचालन गर्ने, व्यवसायिकताको विकास गर्ने, रोजगारी सिर्जना गर्ने गर्दछन् यसबाट जनताको आयस्तरमा बृद्धि हुनुका साथै सामाजिक सम्बन्ध बलियो बन्दछ जुन शासन व्यवस्था संचालनको महत्वपूर्ण पाटो पनि हो ।

सहकार्यमूलक (Collaboratiove) शासन नै सहकारिता मूलक शासन (Governance by Co-operatives)को अवधारणावाट आएको हो । नागरिक सहकार्यले शासन प्रणालीलाई बलियो पनि बनाउदछ ।

**सहकारीले शासनमा खेल्ने भुमिका:**

- शासन पद्धतिमा नीति निर्माण, योजना तर्जुमा कार्यक्रम तर्जुमामा सहकारी क्षेत्र पनि आवद्ध हुन्छ जसले सामुदायिक विकासका लागि आधार तय गर्दछ ।
- स्थानीयस्तरमा रहेको पूँजीको परिचालन गर्दछ ।
- व्यवसायिकता/उद्यमशीलताको विकास र स्वरोजगारी सिर्जनामा भूमिका निर्वाह गर्दछ । व्यवसायिक क्षेत्रसंग पनि यसको आवद्धता रहन्छ ।

- सहकारीमूलक शासनले सिमान्तकृत वर्ग (Marginalized Community) सम्म पनि सहयोग र रोजगारीका अवसर प्रदान गर्दछ। या] Inclusive व्यवस्था हो जहाँ जो पनि सहभागी हुनसक्छ।
- सहकारीले गरिबी निवारणमा सहयोग पुऱ्याउँछ । र कृषक तथा व्यवसायिक उत्पादनहरु बजारसम्म सोझै पुऱ्याउँछ र फाइदा दिन्छ।
- सहकारीतामूलक शासन नागरिकलाई शसक्त बनाउने, सामूहिक भावनाको विकास गर्ने Social Initiation पनि हो। यसले शासनलाई मजबूत बनाउदछ।
- स्थानीय तहको शासन संग सहकारीको सह सम्वन्ध रहेको छ। स्थानीय सरकारले सहककारीद्धारा उत्पादित वस्तुको वजारीकरणमा सहयोग गरेको छ। यसले स्थानीय अर्थतन्त्रको विकासमा समेत सघाउ पुग्दछ।

नेपालको सन्दर्भमा सहकारितामूलक शासन सामुदायिक विकास, एकता, गरीवी निवारण र तल्लो वर्गका जनतालाई आय आर्जन र रोजगारीका माध्यमबाट सहयोग गर्ने संरचनाका रुपमा विकास हुँदै गएको देखिन्छ। सहकारीमा देखिने सहकार्यको धारणा शासन पद्धतिको मार्गदर्शनका रुपमा रहन सक्दछ।

## ७.. व्यवसायिक शासनको परिचय दिँदै यसको महत्व वारे प्रकाश पार्नुहोस ।ः

आधुनिक शासन प्रणालीमा राज्य वा सरकारले मात्र शासन गर्दैन । शासन व्यवस्थामा Multi stakeholders को उदय भएको छ। खास गरी अर्थतन्त्र संचालनमा निजी क्षेत्रको उदय भएको छ । अर्थतन्त्र सञ्चालनमा निजी भूमिका र महत्व बढ्दै गएको देखिन्छ । उद्योग, व्यापार वा व्यवसायिक संस्थाको विकास विना अर्थतन्त्रले गति लिन सक्दैन। उदारवादी अर्थव्यवस्था (Liberal economy) अवलम्वन गरेका राष्ट्रमा त झन निजी क्षेत्रकै नेतृत्वदायी भूमिका (Leading role of private sector) रहेको हुन्छ।

यसैले Corporate sector उत्पादन, वितरण, राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यापार, बजार मूल्य निर्धारण र मूल्यमा प्रभाव, ग्राहक मुखी प्रणाली, शेयर बजारमा प्रभाव, लगानी आकर्षण, पूँजी परिचालन रोजगारी सिर्जना जस्ता आर्थिक क्रियाकलापको माध्यमबाट शासन गरिरहेकै हुन्छ।

खासगरी १९९० को दशकपछि विकास भएको व्यवसायिक शासन (Corporate governance) ले यतिखेर ठूलो महत्व राख्दछ। आर्थिक विकासको नेतृत्व अहिलेको संसारमा निजी क्षेत्रबाट नै हुने गरेको छ । व्यवसायिक क्षेत्रले नेपालको अर्थतन्त्रमा समेत ७०% को योगदान गर्दछ।

- ⇨ लगानीको माध्यमबाट उद्योग, व्यापार प्रवर्द्धन गर्ने र भौतिक विकासमा योगदान दिन्छ व्यवसायिक क्षेत्रले।
- ⇨ वस्तु र सेवाको उत्पादन गरी उपभोक्ताको रुची अनुसार आपूर्ति गर्ने भएकोले यसको महत्व वृहत रहेको छ।

⇨ संसारमा ६०% भन्दा बढी रोजगारी सिर्जना गर्ने क्षेत्र व्यवसायिक क्षेत्र हो ।

⇨ वित्तिय सेवाको माध्यमबाट सेवाग्राहीहरुलाई प्रभावकारी सेवा उपलब्ध गराएको छ ।

⇨ नवीनतम् प्रविधि भित्र्याई देश विकासमा योगदान गर्दछ व्यवसायिक क्षेत्रले ।

यसरी व्यवसायिक क्षेत्रलाई सक्षम, प्रभावकारी र जनसेवामुखी बनाउन सकिएको खण्डमा देशको समग्र आर्थिक प्रगतीमा यसको ठुलो महत्व रहन जाने देखिन्छ ।